# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाण्डौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः२०७७।७८

च. नं. ४८१

मितिः २०७८।५।४

बिषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,
राजगढ गाँउपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
ससरी।

नेपालको संबिधानको धारा २४१ बमोजिम त्यस नगरपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरीएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ को प्रयोजनको लागि अनुरोध छ।

.................
(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मापदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रवेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः२०७७।७८
च.नं.। ४८२ मितिः२०७८।५।४

श्री अध्यक्ष ज्यू,
राजगढ गाँउपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
सप्तरी।

विषयः लेखापरीक्षण प्रतिवेदन।

**कैफियत सहितको राय**

हामीले राजगढ गाँउपालिका, सप्तरीको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।२० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भएन । कायम भएका व्यहोराको अन्तिम प्रतिवेदन पाना २७ (सत्ताईस) यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु ८ करोड ३३ लाख ७४ हजार बेरुजू देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रु १४ लाख ४८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २ करोड २९ लाख ९४ हजार नियमित गर्नुपर्ने रु.२ करोड ९४ लाख ५३ हजार पेश्की बाँकी रु २ करोड ९४ लाख ७९ हजार रहेको छ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय बिवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँ पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्दा लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने बिषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)

नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

# राजगढ गाँउपालिका, ससरी
## लेखापरीक्षण प्रतिवेदन
## २०७६/७७

म उ शि नं बिभिन्न    कार्यालयको नामः **राजगढ गाँउपालिका, ससरी।**    आ.व. २०७६।७७

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचय** – स्थानीय नेतृत्वको विकास गर्दैं स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा बिधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस राजगढ गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। राजगढ गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, ४७.९ वर्ग किलोमिटर क्षेत्रफल तथा २९ हजार ४ सय ५९ जनसंख्या रहेको छ। | |
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। पालिकाले पेश गरेको वित्तिय विवरण निम्नानुसार रहेको छ। | |

**राजगढ गाँउपालिका, ससरी**
**आर्थिक विवरण**
**२०७६/७७**

| आय तर्फ | | व्यय तर्फ | |
|---|---|---|---|
| आय विवरण | यस वर्षको यथार्थ आय रु. | व्यय शिर्षक | यस वर्षको यथार्थ व्यय रु. |
| **गत वर्षको जिम्मेवारी** | | **चालु खर्च तर्फ** | |
| बैक | ११९९३३६१०.०० | वित्तिय समानिकरण | ५०००००.०० |
| धरौटी रकम मौज्दात | २३६८२८.०० | राजश्व बाँडफाँड | ३७१२८९००.४७ |
| **राजश्व बाँडफाँड** | ० | आन्तरिक राजश्व | १९०७५५७९.०० |
| आन्तरिक राजश्व | ४७०९९४.७१ | सशर्त अनुदान चालु | ९१३५५५६७.७७ |
| संघीय सरकार | ५०५१३५०५.७५ | **पुँजिगत खर्च तर्फ** | ० |
| प्रदेश सरकार | २७७०००.०० | वित्तिय समानिकरण | ६३७३१०८.०० |
| **वित्तिय हस्तान्तरण** | ० | राजश्व बाँडफाँड | १५६७००११.०० |
| संघीय समनिकरण | १०२९०००००.०० | आन्तरिक राजश्व | १८४८९२८.०० |
| सशर्त अनुदान | १२१५२४०००.०० | सशर्त अनुदान पुँजिगत | १०५४१२४६.०० |
| **प्रदेश वित्तिय अनुदान** | ० | प्रदेश पुँजिगत सशर्त | ४१२५४५६.०० |
| प्रदेश समनिकरण | ७१५६०००.०० | **धरौटी खर्च** | ९६९७५.०० |
| प्रदेश सशर्त अनुदान | ५००००००.०० | **कोरोना खर्च प्रदेश** | ९९९९९९.९५ |
| **प्रदेश कोरोना** | १००००००.०० | **कोरोना खर्च** | २५४३०६६५.०० |
| **पोषण कार्यक्रम** | २२०००.०० | **बिषयगत निकायबाट प्राप्त रकम** | ० |
| **छोरी पढाउ र बचाउ** | ५००००.०० | सामाजिक सुरक्षा रकम | ९५१३६०००.०० |
| **मालपोत कार्यालय** | १७७९१६३.०० | बहुक्षेत्रिय पोषण कार्यक्रम | ५८००००.०० |
| **विषयगत निकायबाट प्राप्त रकम** | ० | राष्ट्रिय परिचयपत्र (चालु) | १७५३३०.०० |
| सामाजिक सुरक्षा रकम | ९५१३६०००.०० | राष्ट्रिय परिचयपत्र (पूँजिगत) | १८११९८.०० |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| बहुक्षेत्रिय पोषण कार्यक्रम | ५८००००.०० | बैक मौज्दात | १९७७१६६६५.२७ |
| राष्ट्रिय परिचयपत्र (चालु) | १७५३३०.०० | | ० |
| राष्ट्रिय परिचयपत्र (पूँजिगत) | १८११९८.०० | | ० |
| कुल जम्मा | ५०६,९३५,६२९.४६ | कुल जम्मा | ५०६,९३५,६२९.४६ |

यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।
- स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.६,७८,४९,९८४.१८ ले फरक देखिएको छ।
- लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।
- कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकोले श्रेस्ता अनुसार बैंक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२. **बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी बैक बढी देखिएको रु.६,६९,३६,९८४.७८ यकिन गर्नुपर्दछ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष | ४२९३१०००.०० | ९७६४०१४६.१५ | ५४७०९१४६.१५ |
| २ | राजश्व बाँडफाँड | ८२९८३४६.३६ | १६७३९४८१.१९ | ८४४११३४.८३ |
| ३ | चालु | १०२९७१७०.५३ | ११९३९१६५.४२ | १६४१९९४.८९ |
| ४ | पूँजिगत | ७०१२२९६७.०० | ७०५०७५२०.०० | ३८४५५३.०० |
| ५ | प्रकोष व्यवस्थापन | ४८०२७५.०५ | २२३१६८९.०५ | १७५१४१४.०० |
| ६ | आन्तरिक राजश्व | ९२६७७.२५ | १०१४१९.१६ | ९२१७४१.९१ |
| | जम्मा | १३२,२२२,४३६.१९ | १९९,१५९,४२०.९७ | ६७,८४९,९८४.७८ |

३. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रत्येक बर्ष आषाढ १० भित्र बजेट पेश गर्नुपर्नेमा यस पालिकाले २०७६/९/९ मा मात्र बजेट पेश गरेको छ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु.३,२७,९३,४९१.०२, पुजीगत खर्च खातामा रु.८,२०,२३,७३८.०० र विभाज्यकोषमा रु. ८२,९८,३४६.३६ समेत गरी रु.१२,३१,१५,५७५.३८ मौज्दात रहेको पाईयो।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.५,४४,८१,२०४.०० खर्च लेखेको पाईयो।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २ ऐन, ३ नियमावली, ६ कार्यविधि १ निर्देशिका समेत १२ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ४. | **भवन नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम पालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ। पालिका भित्र बनिरहेका सम्पूर्ण घरहरुलाई करको दायरामा ल्याई नक्सा पास पछि मात्र घर बनाउने इजाजत पर्ने व्यवस्था छ। पालिकाले नक्सा पासको लागि अनुरोध भई आएका घरजग्गाको मात्र नक्सा पास गर्ने गरेको देखियो। निर्माण इजाजत नलिई बनाइराखेका भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ। | |
| | • **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ५. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री पुष्पमाला कुमारी मण्डलले २०७६।९।९ गते रु.४० करोड ४१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।९।२६ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति उल्लेख नगरेको अख्तियारि प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ। | |
| ६. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| १ | सबै | ३८५५८ | ० | ० | ३८५५८ | ३०९७९ |
| | कूल खर्चः | ३८५५८ | ० | ० | ३८५५८ | ३०९७९ |
| | खर्च प्रतिशत | १०० | ० | ० | १०० | ८०.३४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७. | **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

**(रु.हजारमा)**

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ७०११ | ५४६६ | ७७.९७ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | सामाजिक क्षेत्र | १२९४७९ | ९८२५१ | ७५.८८ | |
| | पूर्वाधार विकास क्षेत्र | २०२२८९ | १९६५५ | ९.७२ | |
| | वित्तीय व्यवस्थापन र सुशासन | २०७७ | ८११ | ३९.०४ | |
| | कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ८६६२५ | ६२४३५ | ७२.०८ | |
| | जम्मा | ४२७४८१ | १८६६१८८ | ४३.६५ | |
| | उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः | | | | |
| ७.१. | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.४७०९९४.७१ राजस्व बाँडफाँड र अनुदानबाट रु.३८६२९४१९६.७५ समेत रु.३८६७६५१९१.४६ आम्दानी भएकोमा चालु तर्फ रु.२७०५६३९८९.१९ र पूँजिगत तर्फ रु.३८५५८०००.०० समेत रु.३०९१२१९८९.१९ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.१५ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सबिधामा रु.४९९९९९९.८४ खर्च भएको छ जुन आन्तरिक आयको १०६१.५८ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.९५ प्रतिशत चालु र ९.९७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ। | | | | |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | | | | |
| ८. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ११ र यो बर्ष थप भएको ८० गरी कुल ९१ विवाद दर्ता भएकोमा ३ वटा मात्र फछ्र्यौट भई ८८ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | | | | |
| ९. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ। | | | | |
| | • पदाधिकारी सुविधा | | | | |
| १०. | **पदाधिकारी अन्य सुविधा** - २ नं. प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धि ऐन, २०७७ को दफा ५ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले संचार सुविधा वापत मोबाईलको रिचार्ज पत्रपत्रिका र ईन्टरनेट सुविधा मात्र पाउने उल्लेख छ। तर पदाधिकारीहरुलाई मोबाईल खरिद वापतको रकम भुक्तानी दिन मिल्ने देखिदैन्। तर पालिकाले २६ पदाधिकारीहरुलाई २६ सेट मोबाईल सेट दिएको देखिएकोले नियमित गर्नुपर्ने रु. | | | | १,३६,६१७.०० |
| ११. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१३,००,०००.०० खर्च गरेको छ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। | | | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • कर दस्तुर एवं आन्तरिक आय | |
| १२. | **असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। तर पालिकाबाट विगत र यो बर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्काको विवरण पेश भएन। उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन। जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौता अनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नु पर्दछ। | |
| | • आयकर एवं मू.अ.कर | |
| १३. | **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.१२०००.०० अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. | १२,०००.०० |

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| विभिन्न | सचिवालय खर्च | ८०००००.०० | १.५% | १२०००.०० |
| | | | जम्मा | १२०००.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १४. | **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.१,०२६,९५३.०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । | |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| गा.पा.पूजिगत | | | | | |
| ३-०७६/१२/१८ | काली माँ इन्टरप्राइजेज | ६०७१४०१५२ | ४४००००.० | ५७२००.० | २८६००.० |
| ४-०७६/१२/१८ | माँ दुर्गा सप्लायर्स एण्ड ट्रेर्डस | ६१२७०२५९६ | ४४२४५२.० | ५७५१८.० | २८७५९.० |
| ५-०७६/१२/१८ | कान्तिपुर ईलेक्ट्रोनिक्स सेन्टर | ६०८५८२१८४ | ४४१८४०.० | ५७४३९.० | २८७१९.० |
| ६-०७६/१२/२५ | शिभम् ट्रेडिश्र विजनेश हाउस | ६०४७७५३६४ | ४४१५२५.० | ५७३९८.० | २८६९९.० |
| ७-०७६/१२/२५ | माँ छिन्नमस्ता सप्लायर्स | ६०८४९६५३३ | ४४१८७७.० | ५७४४४.० | २८७२२.० |
| ८-०७६/१२/२६ | देव एण्ड सन्स विजनेस सेन्टर | ६०८४९६४२७ | ४४०७२०.० | ५७२९३.० | २८६४६.० |
| १७-०७६/३/१ | केशरी चन्द भवरलाल | ३०४३३४३४२ | १२६५४८६.० | १६४५१३.० | ८२२५६.० |
| १८-०७६/३/३ | जियो टेक इन्जिनियरिङ | ६०४३५८७३८ | १५८२६५४.० | २०५७४५.० | १०२८७२.० |
| १९-०७७/३/१ | मेसु इन्जिनियरिङ | ६०६५११९०४ | ९६३६५०.० | १२५२७४.० | ६२६३७.० |
| २९-०७७/३/२८ | उषा इन्टरप्राईजेज | ३०२६०८८१४ | ४६९०२६५.० | ६०९७३४.० | ३०४८६७.० |
| संघिय ह.चालु | | | | | |
| ५२-०७७/३/३१ | जगदिश फार्मेशी | ६१२५४७८४१ | ५८२८८०.० | ७५७७५.० | ३७८८८.० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| **कोरोना**<br>३-०७७/३/१३ | जे.पि.ट्रेर्डस | ३०४३३७३८३ | ५०३१००.० | ६५४०३.० | ३२७०२.० |
| ५-०७७/१/२९ | जे.पि.ट्रेर्डस | ३०४३३७३८३ | ३३५४००.० | ४३६०२.० | २१८०१.० |
| ७-०७७/२/९ | अलि ट्रेर्डस | ६०९४२४३१७ | ४४१८२५.० | ५७४३७.२५ | २८७१९.० |
| | हायात ट्रेर्डस | ६१०७८२००२ | ४४२३९०.० | ५७५११.० | २८७५६.० |
| ८-०७७/२/९ | प्रगति होजियारी | ३००४७१४८१ | ३८००००.० | ४९४००.० | २४७००.० |
| ११-०७७/३/११ | बाबा सप्लायर्स | ३०१९७४०७३ | १२३४८५०.० | १६०५३०.० | ८०२६५.० |
| **शिक्षा**<br>३-०७७/३/१३ | जगदिश फार्मेशी | ६१२५४७८४१ | ७२८३७०.० | ९४६८८.० | ४७३४५.० |
| | | जम्मा | १५,७९९,२८४.० | २,०५३,९०४.२५ | १,०२६,९५३.० |

तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. १०,२६,९५३.००

१५. **नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. ४,३४,४२१.० समेत रु.४१५०६३९.०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो।

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|
| **कोरोना**<br>४०-०७७/३/३१ | जय माँ छिन्नमस्ता सप्लायर्स | ६०८४९६५३३ | ४४१५००.० | ५७३९५.० |
| **गा.पा.चालु**<br>३२/०७६/१२/२३ | आई टि सोलुसन | ६०९१६१६५२ | ९९६६६.०० | ११४६६.०० |
| ४९/०७७/१/१२ | देव एण्ड सन्स विजिनेस सेन्टर | ६०८४९६७२७ | ९४६८२ | १०८९२.०० |
| १३९/०७७/३/३१ | जय मां कालि डिष्ट्रिव्यूटर्स | ६०१२५६३९६ | ३४२२३७.०० | ३९३७३.०० |
| १४०/०७७/३/३१ | शिवम ट्रेडिङ्ग एण्ड विजिनिस हाउस | ६०४७७५३६४ | ४९८७४६.०० | ५७३७८.०० |
| १४१/०७७/३/३१ | जय मां कालि डिष्ट्रिव्यूटर्स | ६०१२५६३९६ | ४९९६३०.०० | ५७४८०.०० |
| १४२/०७७/३/३१ | शिवम ट्रेडिङ्ग एण्ड विजिनिस हाउस | ६०४७७५३६४ | २०२९७०.०० | २३६९६.०० |
| १४३/०७७/३/३१ | शिवम ट्रेडिङ्ग एण्ड विजिनिस हाउस | ६०४७७५३६४ | १७८४७१.०० | २०५६४.०० |
| १४५/०७७/३/३१ | दिपक ट्रेडर्स एण्ड सप्लायर्स | ६००३४९१६७ | ३५३१२५.०० | ४०६२५.०० |
| १४६/०७७/३/३१ | एकता अफसेट प्रेस | ६००३४९१६७ | १२८३३९.०० | १४७६५.०० |
| १४७/०७७/३/३१ | दिपक ट्रेडर्स एण्ड सप्लायर्स | ६००३४९१६७ | १३८१४२.०० | १५८९३.०० |
| ३३/०७६/१२/२३ | वेभ सर्भर नेपाल | ५००१७९४२४ | ३३९३६८.०० | ३८९५२.०० |
| ११३-०७७/३/३१ | कुमार फार्मेशी | ६११६८३९१५ | ३९९३४२.० | ४५९४२.०० |
| | | जम्मा | ३,७१६,२१८.०० | ४३४,४२१.० |

कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु. ४,३४,४२१.०

- **उपभोक्ता समिति मार्फत कार्य**

१६. **उपभोक्ता समितिमार्फत निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोड सम्मको श्रममूलक कामहरु उपभोक्ता समिति मार्फत गराउन सक्ने र सो गराउँदा आवश्यक प्रकृया पुऱ्याउनुपर्ने उल्लेख छ। सो सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छनः

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १७. | **उपभोक्ता समिति दर्ताः** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन। कार्यालयले यस वर्ष सम्झौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेट परेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी सयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| १८. | **उपभोक्तासँग सम्झौताः**- सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम ९७ उपनियम (२) बमोजिमको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्नेछ। त्यस्तो सम्झौतामा देहायको कुराहरू उल्लेख गर्नु पर्नेछ। निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यर्होने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि हुनुपर्ने उल्लेख छ। पालीकाले उपभोक्ता समितिसँगको योजनाको बिल भरपाई राखि खर्च लेख्दा सम्झौता मिति, योगदान, सम्पन्न गर्नुपर्ने मिति, पालीकाको बजेट तथा उपभोत्ता समितिको जनश्रमदान को बारेमा उल्लेख नगरी केबल बिलभरपाईहरु संलग्न गरि खर्च लेखेको छ। जसबाट उल्लेखित कुराहरु प्रति यकिन हुन सक्ने अवस्था भएन। | |
| १९. | **सामाजिक/सार्बजनिक परीक्षण तथा सुनुवाईः**- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुवाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ। पालीकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेता पनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो। सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई को व्यबस्था गरि बित्तिय पारदर्शिता र जबाफ देहिताको पालना गर्नुपर्दछ । | |
| २०. | **आयोजना हस्तान्तरणः** सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ। यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन। जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ। अतः सम्पन्न आयोजनहरु सम्बन्धित उपभोक्ता समिति मार्फत नै कार्यान्वयन, संचालन, मर्मत र स्वामित्व ग्रहण गर्ने व्यवस्था सम्झौतामै उल्लेख गर्ने व्यवस्था गरी उपभोक्ता समिति मार्फत काम गराउनु पर्दछ । | |
| २१. | **कामको गुणस्तर एवं स्थलगत निरीक्षणः**- पालिकाले यसवर्ष अधिकांस निर्माण कार्य उपभोक्ता समितिबाट गराएको छ। यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ७८(३) अनुसार पालिकाको प्रमुख, उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ। सो अनुसार नगरपालिकाले के कति योजनाहरु अनुगमन गर्यो सोको विस्तृत विवरण तयार गरेको देखिएन। यस पालिकाबाट उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका बाटो, कल्भट, भवन, नाली जस्ता निर्माण कार्यको भुक्तानी गर्दा उपप्रमुख एवं वडा अध्यक्षको अध्यक्षतामा अनुगमन समिति गठन गरी अनुगमन गर्ने र अनुगमनको सिफारिस पश्चात भुक्तानी दिने गरेको छ। अनुगमन प्रतिवेदनमा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निर्माण कार्यको बिस्तृत बिबरणमा उल्लेख नहुँदा अनुगमन वास्तबिक भन्दा प्रकृयामुखि मात्र भएको छैन भन्न सकिएन। अतः कामको गुणस्तर कायम नभएमा सोको जिम्मेवारी सम्बन्धित प्राविधिक एवं अनुगमन कर्तालाई बनाइ निर्माण कार्यको गुणस्तर कायम हुनुपर्दछ । | |
| २२. | **डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| ग्रामिण सडक गुरुयोजना | जियो टेक ईन्जिनियरिङ कन्सल्टेन्ट | १७८८४००.० | १७८८४००.० |
| १,३,५ को डि.पि.आर | मेसु ईन्जिनियरिङ कन्सल्टेन्ट | १०८८९२४.० | १०८८९२४.० |
| | जम्मा: | २,८७७,३२४.०० | २,८७७,३२४.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। | |
| २३. | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरवन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | १९ विद्यालय | ९५ | ७८ | २ | ५०८४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । | |
| २४. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.२८९६११०.० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः | |
| २४.१. | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| २४.२. | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| २४.३. | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक | |

<table>
<tr><th>दफा</th><th>भौ.नं,, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरेको नियमित गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं मिति</th><th>सप्लार्यसको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td><u>गा.पा.पूँजिगत</u><br>३-०७६/१२/१८</td><td>काली माँ ईन्टरप्राईजेज</td><td>मेसिनरी औजार</td><td>४९७२००.००</td></tr>
<tr><td>४-०७६/१२/१८</td><td>माँ दुर्गा सप्लायर्स</td><td>"</td><td>४९९९७०.७६</td></tr>
<tr><td>६-०७६/१२/२५</td><td>शिभम् ट्रेडिङ एण्ड विजनेश हाउस</td><td>फर्निचर एण्ड औजार</td><td>४९८९२३.००</td></tr>
<tr><td>७-०७६/१२/२५</td><td>जय माँ छिन्नमस्ता सप्लायर्स</td><td>"</td><td>४९९३२१.००</td></tr>
<tr><td>९-०७६/१२/२६</td><td>पि.सि. क्लिनिक</td><td>मेसिनरी औजार</td><td>२३७७५२.००</td></tr>
<tr><td>११-०७७/१/१३</td><td>पि.सि.क्लिनिक</td><td>मेसिनरी औजार</td><td>२४९३९१.००</td></tr>
<tr><td><u>संघिय हस्तान्तरित चालु</u><br>५०-०७७/३/३१</td><td>ससरी हाउजिङ प्रा.लि.</td><td>सौर्य उर्जा बत्ति जडान</td><td>४८३२५५.००</td></tr>
<tr><td>५१-०७७/३/३१</td><td>राधाकृष्ण निर्माण सेवा</td><td>" "</td><td>४८३४०५.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३,४४९,२१७.७६</td></tr>
</table></td><td>३४,४९,२१७.७६</td></tr>
<tr><td>२६.</td><td>सवारीसाधन खरिद -अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले तपशित बमोजिमका सवारी साधन नेपाल सरकारले उपलब्ध गराएको बजेटबाट खरिद गरेकोमा अर्थ मन्त्रालयको स्वीकृति समेत नलिएको रु.
<table>
<tr><th>भौ.न मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१७-०७७/३/१</td><td>ट्याक्टर</td><td>१४३००००.००</td></tr>
<tr><td>१७-०७७/३/१</td><td>लोडर</td><td>४३५००००.००</td></tr>
<tr><td>२९-०७७/३/२८</td><td>स्कारपियो गाडी</td><td>५३०००००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११,०८०,०००.००</td></tr>
</table></td><td>१,१०,८०,०००.०</td></tr>
<tr><td>२७.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४२५ जनालाई रोजगारी उपलब्ध गराई रु.५०६८५५.४९ खर्च गरेको छ। लक्षित वर्गलाई १२ दिनदेखि २५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २८. | **रकम ढिला दाखिला गर्ने** - आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| २९. | **रसीद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ। पालिकाले राजश्व असूलीमा प्रयोग हुने रसिद को छपाई एवं गत विगतको बाँकी र यो वर्ष खर्च भई आगामी वर्षको लागि जिम्मेवारी सारेको तथा वडाहरुमा पठाएको रसिदको आम्दानी खर्च (उपयोग) खुल्ने अभिलेख रसीद नियन्त्रण खाता नराखेकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन। यो आ.व.मा कति नगदि र मालपोत रसिद ठेली छपाई गरेको थियो अघिल्लो आ.व. का बाँकी कति ठेली रसिद थिए र सो को यो आ.व.मा कति प्रयोग भयो भन्ने सम्बन्धमा एकिन गर्न सकिएन। तसर्थः आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ। | |
| २९.१. | **नगद दाखिला नगरेकोः** आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको ऐन २०७४ को दफा १३ मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोहि दिन वा भोलिपल्ट तोकिएको बैक खातामा दाखिला गरी श्रेस्ताखडा गनुपर्ने ब्यबस्था छ। त्यस्तै सोहि दफामा १० दिनसम्म ढिलो गरेको भए दश प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिबाना गरी दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिला गरेको भए २५ प्रतिशत जरीवाना गरी नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार निजमाथि विभागीय कारवाही सम्म गर्न सक्ने ब्यबस्था छ। तर देहायका वडाहरुका ठेलि परिक्षणको क्रममा यस आ.व.मा नगदी र मालपोत दस्तुर बैक दाखिला हुन बाँकी देखिएकोले सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाई असुल गरी दाखिला हुनुपर्ने रु. | ५३,३६९.२१ |

| वडा | जम्मा आम्दानी रकम | बैक दाखिला रकम | बाँकी रकम |
